# शैल्यशिखर नगरपालिकाको ५ वर्षे रोजगार रणनीति योजना

## (आ.ब. २०८१/८२–२०८५/०८६ सम्म)

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

शैल्यशिखर नगरपालिका

गोकुलेश्वर दार्चुला

## *खण्ड - १ रणनैतिक सन्दर्भ (strategic context)*

### *१. पृष्ठभूमि-*

संघीय संरचना अनुसार हाल संघ,प्रदेश र स्थानीय तह गरि तीन तह सविधानले दिएका अधिकार कार्यान्वयन गर्न क्रियाशिल रहेका छन। ७५३ स्थानीय तहमध्ये शैल्यशिखर नगरपालिका पनि एक हो ।यस नगरपालिकामा रोजगारीको अवसर सिर्जना गरि जनताको सामाजिका र आर्थिक अवस्थामा सुधार गर्न संवैधानिक तथा कानूनी व्यवस्थालाई प्रभावकारीकार्यान्वयन गर्न र थप रोजगारीका क्षेत्र पहिचान विस्तार र श्रम बजारको गतिशिलतालाई आत्मासाथ गरि अगाडी बढन प्रयास गरिरहेको छ र साथैप्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चितताका लागि नागरिकलाइ स्वदेशमै रोजगारीमा संलग्न गराउन संघीय लोकतान्त्रिक व्यवस्था अन्तर्गतका सरकारहरु रोजगारीमा केन्द्रित रहेका अवस्था र सबै तहका सरकारले आर्थिक वृध्दि र गरिवी न्यूनीकरणको आधार नै उत्पानदशिल रोजगारी नीति अगाडी सारेका छन । नागरिकलाइ न्यूनतम रोजगारीको हकलाइ सुनिश्चित गर्न, उत्पादनशिल रोजगारी र विकासका पुर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाइ प्रतिस्पर्धि एबम सुरक्षित रोजगारीमा संलग्न गराइ राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई रोजगारीको हकलाइ व्यवहारिक कार्यान्वयन गर्न स्थानीय तहमा रहेको श्रोत साधन प्रयोग गरि रोजगारिका राष्ट्रिय प्राथमिकता र दिर्घकालिन दृष्टिकोण प्राप्तिमा केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारी सबैधानीक व्यवस्था र कानूनी प्रावधान तथा संघ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाइ आम नागरिकको जीवनमा रुपान्तरण ल्याउन शैल्यशिखर नगरपालिकामा रोजगार रणनीति आवश्यक परेको छ । श्रोत साधनको समुचित र एकिकृत गरी शैल्यशिखर नगरपालिकामा आन्तरिक रोजगारी सिर्जना गर्नसहयोग पुग्ने जसबाट न्युनतम रोजगारीका कार्यक्रम,उधमशिलता तालिम,व्यवसायिक सिप विकास, सिपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदन गर्ने छ ।

नगरपालिकामा उपलव्ध श्रम शक्तिलाई प्रतिस्पर्धी वनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशील,मर्यादित एव सुरक्षित रोजगारीमा संलग्न गराई नागारिकको दैनिक जिवनमा गुणस्तरीयका साथै राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल वनाई गरिवी र बेरोजगार दर कम गर्न संविधान रोजगार सम्बन्धी बनेका ऐन, कानून, नियम ,निर्देशिका, नीती र मार्गदर्शनका आधारभूत मुल्य मान्यता र सिद्धान्तलाई आत्मसात गरि ति मुल्य मान्यता र सिद्धान्तलाई थप प्रभावकारी बनाउन र थप रोजगारीका क्षेत्र विस्तार विकास गर्न शैल्यशिखर नगरपालिकाले आगामी ५ वर्षे रोजगार रणनीतीले मार्गदशन गरेको हुने छ।

# रोजगार सम्बन्धी सबैधानीक तथा कानूनी व्यवस्था

## १. संविधानमा

- सविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाइ मौलिक हकको रुपमा व्यवस्था गरिएको छ ।
- धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ ।
- धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक,सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक ।
- धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।
- सविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक,आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाइ दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिबृद्धि गर्ने, मर्यादित श्रमको अवधारणाअनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै बैदेशिक रोजगारीबाट आर्जन भएको पुँजि, सिप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ५१(ञ) सामाजिक न्याय र समावेशिकरण सम्बन्धी नीतिमा राज्यले असायक अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

२. कानूनी तथा नीतिगत व्यवस्था

- रोजगारीको हक ऐन,२०७५ नियमावली २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- राष्ट्रिय रोजगार नीति २०७२
- श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति, २०७८
- एकीकृत श्रम तथा  रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- श्रम मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना
- १६औ पञ्चवर्षिय योजनाका अबधारणा
- सरकारका नीति तथा कार्यक्रम

# २. रोजगार रणनीतिको आवश्यकता/औचित्य

यस शैल्यशिखर नगरपालिकामाबढ्दो बेरोजगारीदर सिमित रोजगारीका क्षेत्र भएका कारण न्यूनतम आवश्यकता पुरा गर्न बेरोजगार नागरिक भारत लगायत बैदेशिक रोजगारीमा जान बाध्य छन। न्यूनतम आवश्यकता पुरा गर्न विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखि नगर पालिका भित्र रोजगारीका क्षेत्र पहिचान गर्न धेरै युवा समाजमा बस्ने बातावरण तयार गर्न, रोजगार सम्बन्धि ऐन कानून निति नियमको प्रभावकारी कार्यान्वयनमा मद्त पुगाउन, बैदेशिक रोजगारलाइ उपलव्धि मुलक बनाउन साथै हाल संचालनमा रहेको हाल संचालनमा रहेका रोजगारका कार्यक्रमको नतिजामुखि बनाउन र स्थानीय तहमा उपलब्ध श्रोत साधनलाइ रोजगारमा केन्द्र गर्न,आन्तरिक रोजगारीका सिर्जना सरोकारवालाको सहभागिता गर्न ,  बाध्यातमक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्न। संविधान, ऐन तथा कानूनले निदिष्ट गरेका व्यवस्थालाई नागरिकको जिवनस्तरमा सुधार गर्न तय गरिएका कार्यक्रमलाई अपेक्षित प्रभावकारी नभएको अवस्थामा नागरिकलाईलाई रोजगारीको हक सुनिश्चित गर्न मदत पुग्ने गरि रणनीति  आवश्यक हुन पुगेकोछ ।

प्रस्तुत सन्दर्भमा यस रणनीति योजनाको आवश्यकता र औचित्य देहायक बमोजिम रहेको छ ।

- श्रम तथा रोजगार सम्बन्धि दिर्घकालिन राष्ट्रिय सोच, लक्ष्य प्रासिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रम विच सामञ्जस्यता  कायम गर्न,

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

- नगरपालिका भित्र मर्यादित रोजगारीको लागि उद्धमशिलताको विकास र आन्तरिक रोजगारी प्रवर्द्धन गर्न ,
- श्रोत साधनलाइ रोजगारमा केन्द्रित गर्न,
- उत्पादनशिल र दिगो रोजगारीमा पहल गर्न,
- न्युनतम रोजगारीमा मार्फत पुर्वाधार विकास र उत्पादनशिल रोजगारीमा धेरै नागरिकलाइ सहभागिता गराउन,
- बैदेशिक रोजगारमा जान चाहनेलाइ आवश्यकताका आधारमा सिपमुलक तालिम संचालन गर्न

*अध्ययनको पद्धति:*रोजगार रणनीति तयार गर्न प्राथमिक सूचना र सेकेन्डरी सूचनाका आधारमा गुणात्मक विधिमा आधारित भएर रोजगार रणनीति तयार गर्न  देहायका प्रक्रिया अपानाइएको छ ।

१.स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना , तथ्याङ्कसंकलन गर्न स्थानीय तहको रोजगार रणनिति निर्माण सम्बन्धी मार्गदर्शन,२०८०ले निधारण गरेका अनुसूचि २ र ३ मा प्रश्नावलीहरुलाइ मार्फत प्राप्त सूचना ।

३. रोजगार नक्साङ्कन ।

४. सरोकारवालाहरुसँगको अन्तरक्रिया छलफल धारणाको संकलन।

५. नगरपालिकाका शाखागत सूझाव

६. वडा स्तरमा सर्वेक्षण

७. प्रारम्भिक रणनीति मस्यौदा तयारी सो मस्यौदाका विषयबस्तुलाई सरोकारवाला समक्ष पेश गरि अधावधिक र परिमार्जन ।

***४. क्षेत्र :-***

शैल्यशिखर नगरपालिकाको रोजगार रणनितिले आन्तरिक रोजगारीको अवस्था सीप विकास  तालिम तथा बैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ ।यस रोजगार रणनितिलका क्षेत्रहरु देहाए बमोजिम रहेका छन ।

- *आन्तरिक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या चुनौति तथा समाधानका उपाय*
- *हाल संचालनमा रहेका रोजगार कार्यक्रमका कार्यान्वयनमा देखापरेका समस्या चुनौती तथा समाधानका उपाय*

- *स्थानीय तह भित्र दिगो तथा उत्पादनशिल रोजगारीको सम्भाव्याताको खोजि तथा प्रवर्द्धन*
- *बैंदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परार्मश तथा सहजिकर*
- *सीपयुक्त जनशक्ति तयार गर्न  सीप विकास तालिम*

*५. सिमाः-* शैल्यशिखर नगरपालिकाको ९ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिने छ । यसमा शैल्यशिखर नगरपालिकाको सामाजिक,आर्थिक, जनसंख्याको बनौट, उत्पादनशिल क्षेत्रको अवस्था, रोजगारीका सृर्जना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धि सिमा रहेका छन ।

## *खण्ड- २*

## *वर्तमान अवस्थाको विश्लेषण*

*२.१जनसंख्या र रोजगारीको अवस्था (जनगणना २०७८ अनुसार)*:-९ वटा वडा रहेको यस शैल्यशिखर नगरपालिकामा वड न १ मा २४८६  वडा न. २ मा २०२३ वडा न. ३ मा १६६१ वडा न. ४ मा २६३८ वडा न. ५ मा २१८९ वडा न. ६ मा २८९० वडा न ७ मा १९५१ वडा न. ८ मा २०४६ र वडा न. ९ मा ३९२३ गरि जम्मा २१८०७ जनसंख्या रहेको छ। जसमा ४८.४ प्रतिशत पुरुष र  ५१.६ प्रतिशत महिला र लैङ्गि अनुपात ९३.९८ रहेको छ।नगरपालिका भित्र जनघनत्व १८५ जना र ४५०१ घरदुरी रहेको पाइन्छ ।  भौगोलिक धरातल अनुसार फरक फरक जनसंख्याको बनौट रहेको छ, चौलानी नदी किनारा क्षेत्रमा बढी उत्पादन योग्य जमिन,व्यापार व्यवसाय गर्न सहज, शिक्षा, यातायतको सुविधाको पहँच भएकाले यस क्षेत्रमा बसोबास गर्ने जनसंख्याको जनघनत्व बढी रहेको छ भन्ने नपाको मध्ये र उच्च भुभागमा जनघनत्व क्रमश न्यून छ ।

***२.१.१जनसंख्या, उत्पादन र भुबनौटका आधारमा३ भागमा वाडन सकिन्छ***

- **उत्पादनशिल चौलानीनदि किनारा क्षेत्र**: वडा न १ को वारिल, बलाच वडा न. २ को देथला, छोला, क्षेत्र वडा न. ३ को लुइटा, ओसप वडा न. ८ को देवल र वडा न ९ को नाइल देखि बसकोट क्षेत्र सम्म जुन चौलानी नदिको किनारामा रहेको क्षेत्र हो। यस क्षेत्रमा जोशी, भट्ट, तितरा, खडायत, चन्द, पाल ,नाथ, गोयला ,बिश्वकर्मा, विष्ट , विष्ट, साँउद, भण्डारी,  लगायतका मिश्रित बसोबास रहेको छ । यस क्षेत्रमा खाध उत्पादन र दिगो तथा उत्पानदशिल रोजगारीको सम्भावना बढी देखिन्छ । यस क्षेत्रमा बसोवास गर्ने मानिस आर्थिक अवस्था मध्यम जिवनशैली अपनाएको पाइन्छ ।  यस क्षेत्रमा  व्यापार, कर्षि,स साना उधोग, सहकारी, भारत तथा

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

बैदेशिक रोजगारीमा गई जिवनयापन गरिरेका देखिन्छ । वर्षको कृषिबाट ३ पटक उत्पादन गर्न सकिने देखिन्छ ।

- **मध्ये क्षेत्र**:-वडा न १ को थला सैनवन देखि वडा न २ को तारुली ताकु,वडा न ३को दर्मा, वडा न ४ को तल्लो काडापारी, ओसिल ,वडा न ५ को बसखेत, वडा न ६ को केहि वडा न. ७ को खोल्सि वडा न.८ को तल्चौरा, पपरथला अमतोली वडा न. ९ नकत्तड, धानाखेति ठुलिसैन क्षेत्र मध्ये भुभागमा पर्ने क्षेत्र मान्न सकिन्छ। यस क्षेत्रमा विषेश गरि भट्ट, विष्ट , बोहरा, जोशी, कपाडी, पार्की, खत्री, रावल, डागा, साउद, धामी आदी जातजातिको मिश्रित बसोवार रहेको । यस क्षेत्रमा मानिसहरु कृषि तथा मौसमी तरकारी, गाइ, भैसी, बाख्रापालन, भारत तथा बैदेशिक रोजगार, चिउरी, उखु र मह जस्ता आर्थिक क्रियाकलापमा संलग्नता भइ रहेकाले रोजगारीका सम्भावना रहेको छ । यसका साथै विकासका पुर्वाधारमा रोजगारीको सृर्जनाको हुने देखिन्छ ।
- **उच्च क्षेत्र**:- वडा न ४ को माथिल्लो काडापारी, ओसिल, सेतकला, रातापानी, वडा न ५ को सेतकला, वर्मुडे, वडा न. ६ र ७ केहि क्षेत्र उच्च भुभागमा भन्न सकिन्छ । यस क्षेत्रमा ठगुन्ना बोहरा धामी रावल डागा साउद मिश्र जोशी खत्री बसोबास रहेको छ । यो क्षेत्र विषेश गरि सुख्खा भुभाग चिसो बढी हुने खाध्य उत्पादन धेरै कम हुने,पानी श्रोतको कमि, ओखर उखु मह बाखापालनमा जस्ता आर्थिक क्रियाकलापमा मानिसले संलग्न रहेका छन। विकासका पुर्वाधारहरुको विकास हुदै छ । विकासका पुर्वाधारमा रोजगारी दिन सकिने अवस्था छ ।

## १.२ रोजगारीको अवस्था :- रणनीतिलाइ बस्तुनिष्ठ वनाउन राष्टिय जनगणना ले यस नगरपालिकाले देखाएको विवरण अनुसार-

- १० वर्ष सो भन्दा माथिको उमेरको जनसंख्याको ३८.१ प्रतिशत आर्थिक क्रियाकलापमा संलग्नता छ भन्ने ६१.८ प्रतिशत मानिसहरु कुनै पनि आर्थिक क्रियाकलामा संलग्न हुदैनन।
- १० वर्ष सो भन्दा माथिको अक्सर आर्थिक क्रियाकलापमा सक्रियताका अवस्थाका आधारमा ११०४८ जनसंख्यमा ७१६३ जना मध्ये ३९४१ पुरुष र ३२२२ जना महिला रोजगारीमा सक्रियता रहेको छ ।

- १० वर्ष सो भन्दा माथिको अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिको रोजगारीको रहेक जनसंख्या ७१६३ जनामा ६४२६ जना  रोजगारीमा रहेका छन । भन्ने सक्रिय व्यक्तिमध्ये ७३७ जनाले कुनै रोजगारी नपाएको देखिन्छ ।
- संस्थागत क्षेत्रमा रोजगारीमा संलग्न जनसंख्या आधारमा सरकारी तर्फ ५.२%, वितिय क्षेत्रमा ०.३%, गैर वितिय क्षेत्रमा २२.६%, गरै नाफामुलक क्षेत्रमा 0.1%, घरायसी क्षेत्रमा ७१.८% रहेको छ ।
- १२० जना रोजगार दातामा ९४ जना पुरुष र २६ जना महिला रहेका छन।

## *२.३ स्थानीय तहमा रहेका उधोग प्रतिष्ठान र रोजगारदाताको विवरण*

- वडा न.१ मा स साना ग्रिल उधोग, बाहेक अरु पाइएन र वडान. २,३,४,७,८कुनै पनि उधोग छैनन, वडा न. ५ मा एउटा सहकारी र एउटा ग्रिल उधोग वडा न. ९ मा स हकारी होलसेल व्यवपारी होटल सहकारी निजि विधालय वर्क सप गरि ३२ वटा रोजगारदाताहरुमा कम्तिमा एक जना रोजगार उपलव्ध गराएका आधारमा १०८ जना रोजगार गरि ११६ जना श्रमिक काम गरिरहेका छन तथा रोजगारी पाएका छन ।

### *२.४ उधोगको संख्या र रोजगारीमा संलग्न भएका व्यक्तिको विवरण*

- ***स- साना उधोग १२० जना रोजगारदाता रहेको राष्ट्रिय जनगणना २०७८ ले उल्लेख गरेको छ, स्थानीय तहको रोजगार रणनीति निर्माणको मार्गदर्शन २०८० को अनुसूचि ३ बमोजिक सुझाव संकलन गर्ने क्रममा ३५ वटा रोजगारदातासंग सुझाव संकलन उक्त विवरण अनुसूचि १ मा राखिएको छ ।***

### २.५ स्वरोजगारलागि नँया उधोग तथा प्रतिष्ठान खोल्ने अवस्था

- साना कृषिमा आधारित उधोग हुन सक्ने

## २.६ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको संख्या र प्रकृति

- वि सं २०७८ सम्मको दार्चुला जिल्लाबाट वैदेशिक रोजगारमा रहेका कामदार संख्या ११४० थियो। जसमा शैल्यशिखर नगरपालिकाबाट १३२ जना वैदेशिक रोजगारमा रहेको जसमा २२ महिला रहेका थिय। शैल्यशिखर नगरपालिका वर्षेनि बेरोजगार नागरिकहरु जिवन यापन गर्न तथा आधारभुत आवश्यकता पुर्ति गर्न भारतमा धेरै जसो पुरुष रोजगारीमा गएका छन भन्ने भारत बाहेक अरु देशमा रोजगारीमा गएका व्यक्तिको विवरण-

| वडा न | बैदेशि रोजगारीमा रहेका वडागत संख्या | प्रकृति |
|---|---|---|
| १ | ३४ | अदक्ष |

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

| | | |
|---|---|---|
| २ | ७२ | अदक्ष |
| ३ | ३६ | अदक्ष |
| ४ | ३४ | अदक्ष |
| ५ | १९ | अदक्ष |
| ६ | २९ | अदक्ष |
| ७ | १३ | अदक्ष |
| ८ | ८ | अदक्ष |
| ९ | ४६ | अदक्ष |
| | २९१ | अदक्ष |

## २.७ वैदेशिक रोजगारका लागि उपलव्ध सेवा तथा सुविधाको विश्लेषण

- बैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श गर्ने व्यवस्था रहेता पनि बैदेशिक रोजगारमा जाने व्यक्तिलाई उपयुक्त सिप विना युवाहरु विदेश गएका छन ।
- श्रोत साधनको कमिले गर्दा बैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण, सूचना प्रवाह र प्रवद्धनात्मक क्रियाकलाप संचालन गर्ने स्थानीय तहबाट हुन केको छै
- पुन: श्रम स्वीकृतिमा सहजिकरण गर्ने कार्य प्रभावकारी सेवा दिन।
- बैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनर्स्थापना र पुन:एकीकरण सम्बन्धी कार्यक्रमको संचालनमा समन्वय, सहकार्य र सहजिकरण।

## २.८ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौती र निराकरणको अवस्था

**चुनौती**

- बेरोजगार युवाहरुलाईश्रमप्रतिको धारणामा रुपान्तरण गर्न नसकिनु।
- विकासका पुर्वाधारमा पनि आवश्यक श्रोत साधन अभावले
- बेरोजगार युवाहरुले उत्पादनशील रोजगारी अन्तर्गत कृर्षि तथा पशुपालनमा भविष्य नदेख्नु।
- सीपलाई रोजगारमा रुपान्तरण गर्नु।
- बढ्दो बेरोजगारीलाई न्यूनिकरण गर्नु ।
- श्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- मागमा आधारित रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

- न्युन बजेटमा अपेक्षा धेरै हुनु ।

निराकरण

- रोजगारीको हकलाई पुर्णरुपमा कार्यान्वयन गर्न संघीय सरकारबाट प्राप्त कानून नीति नियम बनेका छन ।
- श्रमको सम्मान राष्ट्रको अभियानका विभिन्न कार्यक्रम भएका छन
- संघ र स्थानीय तहले रोजगारी सृर्जना हुने गरि बजेट व्यवस्थापन गर्ने गरेका छन ।
- लघुउदम विकास कार्यक्रम मार्फत पनि स्वरोजगार गराउने गतिविधि रहेका छन।
- सीपयुक्त जनशक्तिलाई रोजगारीमा आवद्ध गर्न काममा आधारित तालिम संचालन हुने गरेका छन ।

## २.९ स्थानिय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात प्राप्त हुने अवसर र उपलब्धि

**अवसर**

- **नगरभित्र आर्थिक गतिविधि बढन गई युवाहरुलाई उद्योग व्यवसाय गर्ने बातावरण**
- **परिणात्म र गुणात्मक रोजगारी सिर्जना**
- **आन्तरिक रोजगारीमा विश्वसिलो दीगो माग र आपुर्तिमा प्रणालीको विकास**
- **न्यूनतम रोजगारीमा अहिले चुनौतीलाई दिगो रोजगारीका अवसरमा रुपान्तरणको अवसर**
- **युवालाइ कृषि, पशुपालन, जडिबुट्टिमा**

**उपलब्धि**

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुने ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित भएको हुनेछ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक भएको हुनेछ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित भएका हुनेछन् ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार भइ कार्यान्वन भएको हुनेछ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परार्मश सेवा तथा अन्य सेवा संचालन विश्वसनियता बढेको हुनेछ ।

गौरीशंकर नगरपालिका रोजगार रणनीति योजना

- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुने
- दिगो र उत्पादनशील रोजगारिका क्षेत्रका पुर्वाधार निर्माण भएको हुनेछ।
- दिगो रोजगारीका लागि उधमशिलताका नयाँ क्षेत्र पहिचान भइ वार्षिक दिगो रोजगारिमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- तिन तहको रोजगारीका कार्यक्रमलाइ एकिकृत गराउन सहयोग पग्नु ।
- स्थानीय तहको श्रोत साधनको प्रयोग भइ बार्षिक न्युनतम रोजगारीका क्षेत्रमा सूचिकृत बेरोजगारीको संख्यामा हाल करिव ८% ले मात्र रोजगारी पाएकोबाट ५०% सम्मलाइ रोजगारी पाएको सुनिश्चित हुने ।

## खण्ड :- ३

## रणनैतिक विश्लेषण

नगरपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरि बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनिकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलव्धिमूलक नभएको अवस्था रहेको छ ।संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरि तिन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशिलरोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मानगर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पुर्वाधार मात्र न्युनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरिक बैदेशिक रोजगारोमा गई रहेका बर्तमान चुनौतीलाइ आत्मसाथ गरि आन्तरिक रोजगारीका नँया क्षेत्र पहिचान गरि स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाइ गाउँमै बस्ने बातावरण तय गर्न रणनीति योजनाले मार्ग निदेर्शन गर्ने अपेक्षा छ ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परार्मश सेवा सेवा संचालन गर्नु ।

## खण्ड-४

## रणनैतिक सवाल

नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरि उपलव्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिबृद्धि गरि रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। रोजगारीक हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाइ उपलव्धि मूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, बैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारिका क्षेत्र पहिचान गर्न, उधमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनुयस रणनैतिक सवाल रहेका छन ।

## खण्ड –५

## दूरदृष्टि,लक्ष्य र उदेश्य ( Long –Term Vision, Mission, Objectives)

**सोच :** "समृद्ध नगर कृषि, उद्योग, पशुपालन,जडिबुटी, पर्यटन र विकासका पुर्वाधारमा आन्तरिक रोजगारका अवसर ।

**लक्ष्य :** बेरोजगार नागरिकलाई श्रमप्रति सकारात्मक सोचमा रुपान्तरण गरि प्रतिस्पर्धी र उत्पादनशील रोजगारी माफर्त दिगो रोजगारीको आधार सुनिश्चित गर्ने

**उदेश्यहरु:** नगरपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै नगरपालिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन ।

१. विकासका पुर्वाधारमा, कृषिको उत्पादन, जडिबुट्टिको तथा बन पैदावरको संकलन, प्रशोधन बजारीकरण,उद्यमशीलताको प्रवर्द्धन,पशुपालन, माछा पालन, तरकारी, फलफुल खेति मार्फत न्यूनतम रोजगारी देखि दीगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।

२. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गर्नु।

भिमदत्त नगरपालिका रोजगार रणनीति

३. बैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरुलाई आवश्यक पर्ने सीप, अभिमुखिकरण, परामर्श दिई दक्ष, प्रतिस्पर्धी, सुरक्षित, मर्यादित र उपलव्धिमूलक बनाउनु तथा फर्किएका व्यक्तिहरुले हासिल गरेका अनुभव र ज्ञानलाई  उत्पादनशी क्षेत्रमा उपयोग गर्नु ।

४. रोजगारमुलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री बनाउनु ।

नगरपालिकाका प्राथमिकताहरु:-

१. आन्तरिक, दीगोतथा उत्पादनशील रोजगारीमा जोड ।

२. बजारको मागमा आधारित सीपमूलकतालिममा जोड ।

३. कृषिको उत्पादन र उत्पादकत्वमा बजारीकरण, वन पैदावरमा जोड।

४.वन पैदावर,जडिबुट्टि,उद्योग, पर्यटन, खानी, उद्यमशिलतामा जोड ।

५. विकासका पुर्वाधारमा न्युनतम रोजगारी ।

६. बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई उत्पादनका क्षेत्रमा संलग्न ।

७. बैदेशिक रोजगारीमा जान चाहने युवालई परार्मश,अभिमुखिकरण।

## खण्ड :- ६

## *रणनैतिक लक्ष्यहरु ( strategies goals )*

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परार्मश सेवा सेवा संचालन गर्नु ।
- बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु .
- कृषि बनपैदावर उद्योग तरकारी, फलफुल खेति, मसाला बाली,जडिबुट्टि मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु ।

# खण्ड- ७

## रणनैतिक स्तम्भ/ प्रमुख रणनीति तथा कार्यनीतिहरु ( Major strategies )

### ७.१ रणनीतिक स्तम्भ

रणनीति योजनाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

**स्तम्भ- १**:न्यूनतम रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

**स्तम्भ- २**:बेरोजगार नागरिकलाई बजारको माग अनुरुप सिपयुक्त जनशक्ति तयार ।

स्तम्भ- ३:बैदेशिक रोजगारमा जाने नागरिकलाई सुरक्षित भएको अनुभुति र बिदेशबाट फर्केका व्यक्तिहरुको अनुभवलाई उपयोग।

स्तम्भ- ४:रोजगारमूलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री ।

## खण्ड- ८

## पाँच वर्षको रणनैतिक कार्ययोजना ( Strategic Action Plan)

## ८.१ रणनीति तथा कार्यनीति

| रणनीतिकस्तम्भ- १:<br>न्यूनतम रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१. विकासका पुर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सहितको न्युनतम रोजगारीको प्रत्याभुति गर्ने । | १. रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरिका, विधि सम्बन्धमा आवश्यक परार्मश र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ ।<br>२. न्युनतम रोजगारीका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदरी गरिनेछ । |

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

| | |
|---|---|
| | ३.सार्वजनिक निर्माणका कार्यमा श्रममुलक प्रविधिको प्रगोगलाई प्रोत्साहित गरिनेछ ।<br>४. श्रम बजारको माग र सिपको नक्साकङ् गरिनेछ ।<br>५. जडिबुट्टिको तथा बन पैदावरको संकलन, प्रशोधन बजारीकरण,उद्यमशीलताको प्रवर्द्धन,पशुपालन, माछा पालन, तरकारी, फलफुल खेति मार्फत न्यूनतम रोजगारी का लागि विषयगत शाखासँग सहकार्य गरि रोजगारीका नया पहिचान गरी ठोस योजना बनाइनेछ । |
| १.२ दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार र प्रवर्द्धन गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | १. उत्पादन हुने खाद्यन्न बालि, मसाला बालि, तरकारी पकेट, फलफुल खेती क्षेत्रको जमिनको छनौट, परिक्षण गरि उत्पादनशिल रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्यन गरि नगरभित्र रोजगारीका अवसरको खोजी गरिनेछ ।<br>२. उद्यमशीलता तथा रोजगारी सिर्जनाका नविनतम अवधारणा पहिचान गरिनेछ ।<br>३.रोजगार सेवा केन्द्रबाट रोजगार विनिमय सेवा सहितको एकिकृत रोजगार सेवा तथा सुविधा प्रदान गरिनेछ ।<br>४. रोजगारी सृजना गर्न निजि क्षेत्रसँग समन्वय सहकार्य गरिनेछ । |
| रणनीतिकस्तम्भ- २:<br>बेरोजगार नागरिकलाई श्रम बजारको माग अनुरुप सीपयुक्त जनशक्ति तयार । | |
| २.१. जीवनउपयोगि सीप मार्फत बेरोजगारयुवालाई रोजगारर स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने | १. लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरि बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ ।<br>२. सिप र तालिमक युक्त युवालाइ रोजगारमा प्राथमिकता दिइनेछ ।<br>३. स्वरोजगारमा संलग्न हुन चाहने युवालाइ |

| | |
|---|---|
| | व्यावसायिक सफलताका लागि अन्तरक्रिया छलफलको बातारण बनाइनेछ । |
| २.२.सिप मार्फत श्रमको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने । | १. रोजगारिका लागि बनेका ऐन कानुन नीति नियमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।<br>२.काम गर्दै सिप सिक्दै अन्तमा रोजगारीमा संलग्न हुने गरि निजि क्षेत्रको पहिचान गरिने छ । |
| २.३ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | १ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिमको दिइ दक्ष बनाउने । |
| २.४ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने सहितको नक्साङकन गर्ने । | २ नगरपालिका भित्रका निजि क्षेत्रका उद्योग व्यवसायी ठेकेदार होटल व्यवसायी सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । |
| स्तम्भ- नं. ३<br>बैदेशिक रोजगारलाई उपलव्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | |
| ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | १ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरि छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिनेछ । |
| ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | १ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरि उत्पादनशिल रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने |
| स्तम्भ- नं. ४<br>रोजगारमूलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने। | ४.१.२ सीप विकास, सहुलियतापुर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परार्मश सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेख राखिनेछ ।<br>४.१.३ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने। |

उपरोक्त रणनीति र कार्यानीतिलाई कार्यायोजना र रणनीति नतिजा खाका अनुसुचि ४ र ५ मा राखिएको छ ।

## ८.२ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा शेल्यशिखर नगरपालिकाका सरोकारवाला निकाय, निजि क्षेत्र, सहकारी क्षेत्र नागरिक समाज समाज सेवी निर्माण व्यवसायी उद्योग व्यवसायी लगायतका आमसरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

## खण्ड – ९

## श्रोत परिचालन र बजेट व्यवस्थापन( Resource Mobilizations and Budget management)

९.१ श्रोत परिचालन र बजेट व्यवस्थापन :-

शैल्यशिखर नगरपालिकाको वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीति योजनामा आधारित भई तर्जुमा गरिनेछ ।रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत  नियमितरुपमा प्रस्ताव गरिनेछ। आवश्यकता अनुसार विकास साझेदारसँग समेत आर्थिब श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

बजेट प्रक्षेपण

| रणनीती स्तम्भ | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कुल बजेट |
| स्तम्भ-१न्यूनतम रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | १५०००० | १५०००० | १८०००० | १६००००<br>० | १८०००० | २०००००० |
| स्तम्भ-२बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० |
| स्तम्भ-३.बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० |

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यक्तिको अनुभवलाई उपयोग | | | | | | |
| स्तम्भ-४रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० |

खण्ड- १०

रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्क सम्बन्धी व्यवस्था ( Steering Committee Monitoring ang Evaluation )

## १०.१ रणनीति कार्यान्वयन निर्देशक समितिः

यस शैल्यशिखर नगरपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानीय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ।

(क) नगर कार्यपालिकाको प्रमुख - अध्यक्ष

(ख) नगर कार्यपालिकाको उप प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगर कार्यपालिकाको प्रमुखले तोकेका वडा अध्यक्ष दुई जना - सदस्य

(ङ) रोजगार संयोजक - सदस्य सचिव

शैल्यशिखर नगरपालिका भित्र रहेका रोजगारदाताहरुमध्ये आमन्त्रण गर्न सकिनेछ ।

## १०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः

(क)रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि नगर सभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्नेर कार्यान्वयन गर्ने।

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

(ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रुपमा समाधान गर्न रोजगारी रणनिति योजनालाई प्रभावकारी कार्यान्विन गर्न पहल गर्ने ।

(घ)रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पुर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरि आवश्यक सुझाव दिने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च)सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने

## खण्ड- ११

## जोखिम व्यवस्थापन( Risk Management)

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरि देहाय बमोजिम उल्लेख गरिएकोछ ।

क) श्रोत व्यवस्थापन

ख) सरकारी गैरसरकारी र निजीक्षेत्रबिच प्रभावकारी समन्वय

ग) रोजगारी सम्बन्धि स्थानीय सरकारको श्रोत साधनको कमी

घ) सरकारी गैरसरकारी र निजी क्षेत्रसँगको समन्वय

ङ) सरोकारवालाहरु निकायको दृष्टिकोण

च) स्थानीय तहका विषयगत शाखाहरुको प्राथमिकतासँगको सामाञ्जस्याता

छ) विकास साझेदारबाट हुने सहयोग र समन्वय

## अनुसूचि ४

# शैल्यशिखर नगरपालिकाको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना

| स्तम्भ नं. १<br>न्यूनतम रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | | | | | | |
|---|---|---|---|---|---|---|
| रणनीति १. विकासका पुर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सहितको न्यूनतम रोजगारीको प्रत्याभुति गर्ने । | | | | | | |
| कार्यनीति १.रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरिका, विधि सम्बन्धमा आवश्यक परार्मश र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । | | | | | | |
| क्र.सं | क्रियाकलाप व कार्यक्रम | जिम्मेवारी निकाय/ शाखा | सहायक निकाय/ शाखा | समयवधि | कार्यसम्पादन सूचक | जोखिम |
| १. | रोजगार आयोजनाको छनौट र कार्यान्वयनमा उपलव्धिमुलक बनाउने | रोसेके | प्राविधिक शाखा योजना शाखा | निरन्तर | आयोजना छनौट भएको | क |
| २. | रोजगार आयोजनाको प्रकृति र श्रमिको क्षमता हेरेर परार्मश र सीप सिकाउने | रोसेके प्राविधिक शाखा | विषयगत शाखा | बढीमा ७ दिन | मर्यादित कामको गुणस्तर देखिने | ग र क |
| ३ | न्यूनतम रोजगारीका लागि सर्शत अनुदान रमकमा साझेदारी गर्ने | रोसेके योजना शाखा | आर्थिक शाखा | निरन्तर | तोकीएको भन्दा बढीले १०० दिनको रोजगारी पाउने | ग र च |
| ३. | श्रमबाट हुने योजनाम श्रमिकबाट गर्न लगाउने | रोसेके प्राविधिक शाखा | योजना शाखा | निरन्तर | रोजगारी सृजना हुने | ख ,घ ,ङ |
| ४. | श्रम बजारको नक्साङ्गन गर्ने | रोसेके योजना शाखा | विषयगत शाखा | निरन्तर | रोजगारी र सिपको पहिचान हुने | क,ख ,घ ,ङ |
| ५ | | | | | | |
| रणनीति २.दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार र प्रवर्द्धन गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यनीति २.१ उत्पादन हुने खाद्यन्न बालि मसाला बालि तरकारी पकेट क्षेत्रको जमिनको परिक्षण गरि उत्पादनशिल रोजगारीको ढाँचा तयार गर्ने । | | | | | | |
| १.२.१.१ | सम्भावित उत्पादन हुने खेतिको र जमिन छुनौट गर्ने । | रोसेके,कृषि प्राविध शाखा | कृषि शाखा | १५ दिन | जमिनको छुनौट भएको | क,ख ,घ ,ङ |
| १.२.१.२ | उत्पादनशिल रोजगारीको ढाँचा का लागि जमिन मालिक र श्रमिकविच सहयोगात्म भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने । | रोसेके | कृषि शाखा ,श्रमिक समुह जमिनमालिक | ७ दिन | जमिनकर्ता र श्रमिक विच समजदारी कार्यम भएको | क,ख ,घ ,ङ |
| १.२.१.३ | खालि भएका जमिनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरि फलफुल, जडिबुट्टि खेतीको पहल गर्ने | रोसेके | कृषि शाखा ,श्रमिक समुह जमिनमालिक | १० दिन | उत्पादन हुने फलफुल खेतीको | क,ख ,घ ,ङ |
| १.२.१.४ | १०० दिन भित्र उत्पादन भएका बस्तुको बजारीकरणका लागि रुपरेखा तयार गर्ने । | रोसेके | कृषि शाखा ,श्रमिक समुह, बजारव्यवस्थपक | १५ दिन | उत्पादन भएका बस्तु बजारमा गएको हुनेछ। | क,ख ,घ ,ङ |
| १.२.१.५ | सूचिकृत बेरोगारलाई पशुपालन माछा पालन सेवामा आवद्ध हुने बातावरण तयार गर्न आवश्यक पहल गर्ने | रोसेके पशुशाखा | कृषि शाखा ,श्रमिक समुह, बजारव्यवस्थपक | ३० दिन | दुध र मासुको व्यापार भएको हुने | क,ख ,घ ,ङ |
| स्तम्भ नं. २<br><br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | | | | | | |
| रणनीति २.१ जीवनउपयोगि सीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | | | | | | |
| कार्यनीति २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरि बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । | | | | | | |
| २.१.१.१ | स्थानीय श्रोत साधनको | रोसेके | सरोकारवा | १५ दिन | उद्यमशिल | क,ख ,घ ,ङ |

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रयोग गरि उद्यमशिलका कार्यक्रम संचालन गर्ने | | ला सबै | | तालिम प्राप्त संख्या तयार | |
| २.१.१.२ | उद्यमशिलताका उत्पादित वस्तुको बजारीकरण गर्ने | रोसेके | सरोकारवाला सबै | ६ महिना | आय श्रोत बढेको | क,ख ,घ ,ङ |
| रणनीति २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिमको दिइ दक्ष बनाउने । | | | | | | |
| २.२.२ | रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सीपलाई अभिलेख राख्ने | रोसेके | तालिम प्रदायक निकाय | ३० दिन | सीप र अनुभव अभिलेखबाट संख्या | क,ख ,घ ,ङ |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | | |
| कार्यनीति २.३.१ नगरपालिका भित्रका निजि क्षेत्रका उद्योग व्यवसायी ठेकेदार होटल व्यवसायी सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । | | | | | | |
| २.२.१ | बेरोजगार युवाहरुलाई न्यूनतम पारिश्रमिक दिइ रोजगार दिएका रोजगारदाता र श्रमिको अभिलेख राखेर रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्वन्धि सूचनाको आँकलन गर्ने । | रोसेके | सरोकारवाला सबै | १५ दिन | रोजगारदाताको विवरण प्राप्त | क,ख ,घ ,ङ |
| २.२.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरि कम्तिमा १०० दिनको रोजगारी दिएमा त्यस्ता रोजगारदातालाई वर्षको एक पटक पुरस्कार सहित सम्मान गर्ने। श्रमिक र सीपको अभिलेख तयार गर्ने | रोसेके | सरोकारवाला सबै | १ दिन | सम्मान गर्ने कार्यक्रम भएको हुने र श्रमिक र सीपको विवरण प्राप्त | क,ख ,घ ,ङ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्तम्भ नं. ३<br>बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | | | | | | |
| रणनीति ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | | | | | | |
| कार्यनीति ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरि छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिनेछ । | | | | | | |
| ३.१.१.१ | सीपको आधार तयार गरि बैदेशिक रोजगारमा जाने व्यक्तिलाई बिदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने | रोसेके | शिक्षा शाखा, तालिम प्रदायक निकाय | १५ दिन | बैदेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको | क,ख ,घ ,ङ |
| ३.१.१.२ | बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परार्मश र अभिमुखिकरण गर्ने | रोसेके | शिक्षा शाखा, तालिम प्रदायक निकाय | ७ दिन | देश र पेशाका बारेमा जानकार भएको | क,ख ,घ ,ङ |
| रणनिति ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने | | | | | | |
| कार्यनीति ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरि उत्पादनशिल रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने | | | | | | |
| ३.२.१.१ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरको विवरण तयार अद्यावधिक गर्ने । | रोसेके | शिक्षा शाखा | १५ दिन | बैदेशिक रोजगारीबाट फर्केका विवरण प्राप्त हुने | क,ख ,घ ,ङ |
| स्तम्भ नं. - ४<br>रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | | | | | | |
| रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति ४.१.२ सीप विकास, सहुलियतापुर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परार्मश सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेखलाई रोजगारमैत्री बनाइनेछ । | | | | | | |
| ४.१.२.३ | रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार हुन | रोसेके | निजी क्षेत्र | २ महिना | एकिकृत सेवा पाएका हुने | क,ख ,घ ,ङ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आवश्यक पर्ने सेवा उलब्धि गराउने | | | | | |
| ४.१.२.४ | संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | रोसेके | सरोकारवाला निकाय सबै | ६ महिना | श्रोत साधनलाई रोजगारमा केन्द्रित भएको | क,ख ,घ ,ङ |

## अनुसूचि - ३

## नतिजा खाका

| क्र. स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य ( आ.ब ) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | न्युनतम रोजगारीमा संलग्न व्यक्ति | जना | ८८ | १०५ | ११० | १२० | १२५ | १५० |
| २ | पुर्वाधार विकामा संलग्न तर्फ | जना | ८८ | ११० | ११५ | १२० | १५० | २०० |
| ३ | उत्पादनशील रोजगारीमा संलगन तर्फ | जना | ० | १० | १५ | २० | ३० | ४० |
| ४ | रोजगार आयोजनामा सीप पाएको जनशक्ति संलग्न | जना | ० | ३० | ३० | ३० | ३० | ३० |
| ५ | उत्पादनशील र दिगो रोजगारी स्थान छनौट कृषि तर्फ | ठाँउ | ० | ५ | ५ | १० | १५ | २० |
| ६ | न्युनतम रोजगारमा आवद्ध हुने | जना | ० | १५ | १५ | २० | ३० | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | श्रमिकलाई परार्मश सीप विकासक पुर्वाधार तर्फ | | | | | | | |
| ७ | उत्पादन तरकारी तर्फ न्यूनतम रोजगारीमा संलग्न लाई सीप | जना | ० | २५ | २५ | ३० | ३० | ४० |
| ८ | मसालाबाली तर्फकोमा रोजगारी | जना | ० | १० | १२ | १२ | १२ | १५ |
| ९ | जडीबुट्टि तर्फ रोजगारी | जना | ० | ७ | ८ | १० | १२ | १४ |
| १० | पशुपालन तर्फ रोजगारी | जना | ० | ७ | ८ | १० | १२ | १४ |
| ११ | उत्पादनशिल रोजगार श्रमिक समुह गठन कर्षि तर्फ | वटा | ० | १ | २ | ३ | ४ | ५ |
| १२ | उत्पादनशिल रोजगार श्रमिक समुह गठन पशुपालन तर्फ | वटा | ० | ३ | ४ | ५ | ६ | ७ |
| १३ | रोजगारदाता विवरण | संख्या | ० | १० | १५ | १५ | २० | २० |
| १४ | उद्यमशिलता विकास तर्फ सीप विकास | संख्या | ० | २० | २० | ३० | ३५ | ४० |
| १५ | कार्यस्थलमा आधारित तालिम पाउने संख्या | जना | ० | ४० | ४० | ४० | ४० | ४० |
| १६ | रोजगारदाताको सम्मान | जना | ० | ३ | ४ | ५ | १० | २० |
| १७ | बैदेशिक रोजगारमा आवश्य पर्ने सीपको | 0 | जना | १८ | २० | २२ | २५ | २५ |

चन्द्रशिखर नगरपालिका रोजगार रणनीति योजना

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पहिचान र छोटो अवधिको सीप सिकाउन | | | | | | | |
| १८ | बैदेशिकपरार्मश र अभिमुखिकरण | पटक | ० | १ | २ | २ | २ | २ |
| १९ | बैदेशिक रोजगारीमा गएको विवरण | जना | २९२ | ३०० | ४०० | ६०० | ७०० | ८०० |
| २० | बैदेशिक रोजगारीबाट फर्केकाको संकलन विवरण | जना | ९८ | १५० | २०० | ३०० | २५० | ३०० |
| २१ | सहुलियतपुर्ण कर्जा लिने संख्या | जना | ० | १२ | १५ | १८ | २० | २५ |
| २३ | उद्यमशिलता | जना | ० | १० | २० | २५ | २६ | ३० |
| २४ | स्वरोजगार तर्फ | जना | ० | १५ | २० | ३० | ४० | ५० |

शैल्यशिखर नगरपालिका रोजगार रणनीति योजना